म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ९० २०८१ फागुन ५ गते सोमबार 17 February 2025, Monday - पृष्ठ ४ मूल्य रू. ५/-




### बागमती प्रदेशसभा

## सरकार गठनको चापले कानुन निर्माण सुस्त

# ७ वर्ष ५ मुख्यमन्त्री, ८९ मन्त्री



**समाज संवाददाता**

हेटौंडा : बागमती प्रदेशसभा गठनको ७ वर्ष पूरा भएको छ । संघीयता कार्यान्वयनसँगै २०७४ मंसिरको निर्वाचन पश्चात संविधानको धारा १७५ बमोजिम तत्कालिन प्रदेश नम्बर ३ को ११० सदस्य प्रदेशसभाको गठन भएको थियो । उक्त व्यवस्थाले मुलुकका प्रत्येक प्रदेशका लागि प्रादेश सभाको प्रत्याभूति गरेको अनुसार प्रदेश सभामा प्रत्यक्ष निर्वाचनबाट ६६ जना र समानुपातिक तर्फबाट ४४ जना गरी कुल ११० जना सदस्यहरु हुने व्यवस्था छ । सोही व्यवस्था अनुसार बागमती प्रदेशको पहिलो बैठक तत्कालिन प्रदेश प्रमुख अनुराधा कोइरालाले २०७४ माघ १८ का लागि बोलाउनुभयो । जेष्ठ सदस्यको रुपमा नेकपा एमालेका डोरमणि पौडेलको अध्यक्षतामा बैठक सञ्चालन भएको थियो ।

संघीयता कार्यान्वयनको ७ वर्षको अवधिमा बागमती प्रदेशसभाले ८४ वटा कानुन निर्माण गरेको छ । प्रदेश सभाको ७ वर्षको अवधिमा सरकार सञ्चालन तथा सेवा प्रभावका लागि अपरिहार्य ९९ वटा कानुनमध्ये ८४ वटा कानुन बनाएको हो । सो अवधिमा प्रदेशसभा सचिवालयमा दर्ता भएका ९१ विधेयकमध्ये ८४ वटा पारित भएको हो । पारित भएको ८४ वटा मध्ये ८२ वटा विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएको छ भने २ विधेयक प्रदेश सभा सचिवालयबाट फिर्ता भएको छ । प्रदेश सभाको ७ वर्षको अवधिमा मूल विधेयक ६४ वटा रहेका छ भने १८ वटा विभिन्न संशोधन विधेयक रहेको छ। ६४ मूल विधेयक मध्ये १६ वटा सालबसाली विधेयकहरु प्रदेशसभाबाट पारित भएको छ ।

प्रदेश सभाको सात वर्षको अवधिमा १४ वटा अध्यादेश जारी भएको छ भने प्रदेशसभा बैठकबाट सबै स्वीकृत भएको छ। स्वीकृत १४ मध्ये ५ विधेयक निष्क्रिय भएका छन् भने अन्य सबै प्रतिस्थापनसहित पारित भएको छ । सो अवधिमा ५ वटा अध्यादेश प्रतिस्थापन विधेयक ल्याउन नसक्दा निष्क्रिय भएका छन् ।

प्रदेशसभाको दोस्रो कार्यकालमा पनि कानुन निर्माणमा निकै सुस्त देखिएको छ । प्रदेश सभाको संसदीय समितिले नेतृत्व पाएपनि सक्रिय भूमिकामा काम गर्न सकेको छैन । जसका कारण कानुन निर्माण प्रक्रियाले गति लिन सकेको छैन भने प्रदेश सभाको अधिकांश समय सरकार गठनमा व्यतित भएको देखिन्छ ।

दोस्रो कार्यकालका लागि भएको निर्वाचन पश्चात् गत २०७९ पुस १८ मा पहिलो बैठक सञ्चालन भएको प्रदेशसभाको ४ वटा अधिवेशन बैठक सञ्चालन भएको छ। सरकार गठनको जोडघटाउमा केन्द्रीत हुँदा दोस्रो कार्यकालमा कानुन कानुन निर्माण प्रक्रिया न्यून रहेको हो । दोस्रो कार्यकालका लागि भएको निर्वाचन पश्चात् प्रदेशसभाको ४ वटा अधिवेशन बैठकमा १२ वटा मात्र विधेयक पारित भएको छ। सो अवधिमा प्रदेशसभामा पेश भएको १२ वटा विधेयकमध्ये १२ वटा नै पारित भएको हो। सो मध्ये १० वटा मात्र प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको छ। संसदले पारित गरेको २ विधेयक प्रदेश सभामा पुनर्विचारका लागि फिर्ता आएको छ। सो अवधिमा प्रदेशसभाबाट ८ वटा मूल ऐन सम्बन्धी विधेयक र २ वटा संशोधन विधेयक पारित भएको छ । प्रदेशसभाबाट २ वटा सालबसाली विधेयक पारित भई कार्यान्वयनमा आएका छन् ।

बागमती प्रदेशमा हालसम्ममा ५ जनाको नेतृत्वमा सरकार गठन भएको छ। संघीयता कार्यान्वयनसंगै गठन भएको प्रदेशसभाको ७ वर्ष अवधि पुरा गर्ने चरणमा प्रदेश सरकारले ५ मुख्यमन्त्री पाएको छ भने ८९ जना मन्त्री पाएको छ। संघीयतापछि गठित २ वटा प्रदेश सभाबाट एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी र कांग्रेसले सरकारको नेतृत्व गर्ने अवसर पाएको छ। २०७४ मा सम्पन्न प्रदेशसभा निर्वाचनपछि गठन भएको प्रदेशसभाको कार्यकालमा एमालेले २ र एकीकृत समाजवादीले सरकारको नेतृत्व लिएको थियो । २ फरक सत्ता समीकरणबाट निर्माण भएको उक्त सरकारले ३ मुख्यमन्त्री र ३९ जना मन्त्री पाएको थियो भने दोस्रो कार्यकालमा मुख्यमन्त्री २ र मन्त्री ५० जना पाएको छ ।

२०७४ मा तत्कालिन प्रदेश सभामा एमालेको स्पष्ट बहुमत थियो भने सुरुवाती चरणमा एमाले र माओवादी केन्द्रको गठबन्धनमा दुई तिहाई नेतृत्वको सरकार गठन थियो । पछि एमाले र माओवादी केन्द्रको गठबन्धन भत्किएपछि एमालेको एकल बहुमतमको सरकार कायम रह्यो भने एमाले विभाजन पछि सरकारको नेतृत्व गुम्न पुग्यो । सो पश्चात प्रदेशमा दलहरुको साझेदारीमा सरकार संचालन भयो भने एमाले प्रतिपक्षको भूमिकामा पुग्यो।

बागमती प्रदेशमा मन्त्री बन्नेहरुका नियमित रेकर्ड कायम भएको देखिन्छ । एउटै कार्यकालमा २ पटक मन्त्री बन्नेदेखि मन्त्रीबाट मुख्यमन्त्रीमा छलाङ लगाउनेसम्मको रेकर्ड बागमतीमा देख्न सकिन्छ। हालका मुख्यमन्त्री बहादुर सिंह लामा समेत पहिले मन्त्री बनेका थिए भने हाल सरकारको मुख्मयन्त्रीको जिम्मेवारीमा छन् । समीकरण परिवर्तनसँगै उनी मन्त्रीबाट मुख्यमन्त्रीमा छलाङ मारेका हुन् । उनी बाहेक एमालेका जगन्नाथ थपलिया, एकालाल श्रेष्ठ, केशव पोखरेल, प्रकाश श्रेष्ठ र रामेश्वर श्रेष्ठ २ पटक मन्त्री बनेका छन् । उनीहरुले पटकै पिछे फरक फरक मन्त्रालयको जिम्मेवारी सम्हाल्ने अवसर पाएका थिए ।

## चखेल-मातातीर्थ सडक बन्द

**समाज संवाददाता**

हेटौंडाः सडक स्तरीकरण कार्य गर्नका लागि आइतबारबाट चखेल-मातातीर्थ खण्डको सडक बन्द गरिएको छ । प्रदेश राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौं आवतजावतका लागि छोटो मार्गको रुपमा रहेको उक्त सडकखण्ड आगामी फागुन २१ गतेसम्मका लागि बन्द गरिएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार ईन्द्रसरोवर गाउँपालिका-५ स्थित महालक्ष्मी दोभानबाट घट्टेखोला-चखेल हुँदै मातातीर्थ जोड्ने सडक बन्द भएको छ । चखेल-मातातीर्थ खण्डको सडकको मोडहरुमा सडक ढलानको काम गर्नुपर्ने भएकाले उक्त सडकखण्डबाट सवारी साधन आवातजवात बन्द भएको प्रहरीले जनाएको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## पुन:स्थापना केन्द्रमा कुटपिटबाट एक जनाको मृत्यु


**समाज संवाददाता**

हेटौंडाः बारा जिल्लाको कलैया-१ मा सञ्चालित नवजन्म पुन:स्थापना (सुधार) केन्द्रमा कुटपिटबाट एक जनाको मृत्यु भएको छ । गत शुक्रबार केन्द्रमा रहेका व्यक्ति तथा कर्मचारीसमेतले कुटपिट गर्दा कलैया-९, रामपुर टोल बस्ने ३७ वर्षीय धिरेन्द्र भन्ने प्रदिपप्रसाद मण्डलको मृत्यु भएको हो ।

करिब १५ दिनअघि पुन:स्थापना केन्द्रमा भर्ना भएका मण्डललाई सोधी पुनस्र्थापना केन्द्रमा उपचाररत व्यक्ति तथा केन्द्रका कर्मचारी समेतले मरणासन्न हुने गरी कुटपिट गरेको प्रहरीले जानकारी दिएको छ । कुटपिटबाट घाइते भएका मण्डललाई उपचारका लागि कलैया सिटी अस्पताल लगिएको थियो । मण्डललाई थप उपचारका लागि प्रादेशिक अस्पताल कलैया पुऱ्याएर डाक्टरले जाँच गर्दा मृत्यु भएको घोषणा गरेका थिए ।

घटनाबारे जानकारी प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय बाराबाट प्रहरी टोली खटिई अनुसन्धान तथा प्रमाण संकलन गरेको प्रहरीले जानकारी दिएको छ । प्रहरीले घटनामा संलग्न रहेका ७ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कलैया उपमहानगरपालिका-३ बस्ने १९ वर्षीय सरफराज मन्सुर, कलैया-४ बस्ने २२ वर्षीय निरज सर्राफ र कलैया-६ बस्ने २० वर्षीय राहुल भन्ने महमद आशु मिया शेख छन्। यस्तै, कलैया-१ का २४ वर्षीय अरुण सर्राफ, कलैया-२ का २१ वर्षीय परमेश्वर साह, कलैया- ३ का १९ वर्षीय तमन्ना अली र कलैया-१ का १९ वर्षीय सागर गुप्तालाई पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ। घटनामा ९ जनाउपर किटानी जाहेरी परे पनि ७ जनालाई पक्राउ गरी ज्यानसम्बन्धी कुसुर मुद्दामा अदालतबाट ७ दिनको म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ । फरार आरोपितको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

हार्दिक बधाई




राजन घिमिरे
अध्यक्ष

रविन्द्र कार्की
उपाध्यक्ष

बसन्त भण्डारी
सचिव

अस्मिता भट्टराई
कोषाध्यक्ष



नवीन चौधरी
सदस्य

सुमिना चौलागाई
सदस्य

प्रमोद सहनी
सदस्य

स्वतन्त्र पत्रकार संघ मकवानपुरको चौथो अधिवेशनबाट सर्वसम्मत निर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै व्यावसायिक र स्वतन्त्र पत्रकारिताको विकासमा नवनिर्वाचित समितिको कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछौं ।

गोकुल अधिकारी
निवर्तमान अध्यक्ष

सुरेश श्रेष्ठ
संस्थापक अध्यक्ष

स्वतन्त्र पत्रकार संघ मकवानपुर
हेटौंडा, मकवानपुर

## गणपूरक संख्या नहुँदा प्रतिनिधि सभा बैठक स्थगित

काठमाडौं : प्रतिनिधिसभाको आइतबारको बैठक गणपूरक संख्या नपुग्दा स्थगित भएको छ । बैठकमा नेपाल नागरिकता (दोस्रो संशोधन) ऐन, २०८१ लाई संशोधन विधेयकलाई विचार गरियोस् भन्ने प्रस्ताव पारित हुन सकेन । विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने क्रममा सांसदहरूको संख्या कम्तीमा ६९ हुनुपर्नेमा त्यो नपुग भएको हो ।

सभामुख देवराज घिमिरेले विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्न लाग्दा विपक्षी रास्वपा सचेतक निशा डाँगीले गणपूरक संख्या यकीन गर्न माग गरेकी थिइन्। संविधानको धारा ९४ बमोजिम गणपूरक संख्या यकीन गर्न उनले माग गरेकी थिइन्। संविधानको उक्त धारामा संसद्को कुनै पनि सदनको बैठकमा सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्य उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत हुने छैन भन्ने व्यवस्था छ। गणपूरक संख्याको प्रश्न उठेपछि सभामुखले तीन मिनेट घण्टी बजाएर गणना गर्न लगाएका थिए। बैठकमा उपस्थित सांसद संख्या ६८ मात्रै रहेको पाइएपछि सभामुखले बैठक स्थगित गरेका थिए।

रास्वपा सचेतक डाँगीले गणपूरक संख्या यकीन गर्न माग गरेपछि सत्तापक्षका सांसदले उनलाई रोक्न खोजेका थिए। विपक्षका सांसदहरू बाहिर गएकाले गणपूरक संख्या नपुगेको सत्तापक्षका सांसदहरूको भनाइ थियो । जवाफमा डाँगीले गणपूरक संख्या पुऱ्याउने जिम्मेवारी सत्तापक्षको भएको बताइन्। उनले झन्डै दुई तिहाइको सरकार भएको सदनमा गणपूरक संख्या किन नपुगेको हो भनेर जवाफ दिएकी थिइन्। *स्रोत: इकान्तिपुर।*




शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेन्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality सँगै समयमै Delivery
को मामलामा पनि No Compromise"
शोभायात्राः
मितिः २०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

# सम्पादकीय

## घोषणा सुरुवातमात्र

हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री शासनयुक्त स्थानीय तह घोषणा गरिएको छ । गत बिहीबार तामझामका साथ हेटौंडालाई निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त र स्थानीय शासनयुक्त पालिका घोषणा गरिएको हो । करिब ३० महिनाको तयारीपछि नगर स्थापना दिवसको अवसरमा हेटौंडालाई बालमैत्री शासनयुक्त स्थानीय तह घोषणा गरिएको हो । नेपालमा २०६८ असार २१ गतेको मन्त्रिपरिषद् निर्णयबाट बालमैत्री घोषणाको प्रावधान पारित गरिएको थियो । यसमा बाल अधिकारका प्रमुख चार क्षेत्रका २७ वटा र संस्थागत विकासका १२ वटा गरी ३९ वटा सूचक निर्धारण गरिएको थियो । जसअनुसार तत्कालीन ६ वटा स्थानीय निकायलाई बालमैत्री घोषणा समेत गरिएको थियो । २०७२ सालमा नयाँ संविधान जारी भएसँगै संघीयता कार्यान्वयनका लागि राज्यसंरचना परिमार्जन भएपछि पुन: नयाँ संरचनालाई बालमैत्री घोषणा गर्ने अभियान अघि बढेको हो ।

सरकारले वि.सं २०८७ सम्म देशका सबै पालिकालाई बालमैत्री घोषणा गर्ने लक्ष्य लिएको छ । अहिलेको मापदण्डबमोजिम बालमैत्री स्थानीय तह घोषणाका लागि ५१ वटा सूचकहरु पूरा गर्नुपर्ने हुन्छ । बालमैत्री स्थानीय शासन घोषणा कार्यविधिले बाल अधिकार चार क्षेत्र बाल बचाउमा १४, बाल संरक्षणमा १०, बाल विकासमा ६, बाल सहभागितामा ६ र संस्थागत विकासमा १५ गरी ५१ वटा सूचक पूरा गरेका स्थानीय तहलाई बालमैत्री घोषणा गर्न सकिने व्यवस्था गरेको छ । यो कार्यविधि आउनुअघि २०७६ सालमै देशकै पहिलो बालमैत्री पालिकाको रुपमा मकवानपुरको मनहरी गाउँपालिका बालमैत्री घोषणा भएको थियो । मकवानपुरकै बकैया र मकवानपुरगढी गाउँपालिका पनि बालमैत्री घोषणा भइसकेका छन् । बिहीबार बालमैत्री घोषणा भएको हेटौंडा बागमती प्रदेशको १० औं बालमैत्री पालिका हो । संघीय सरकारका उपप्रधान तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहको प्रमुख आतिथ्यमा हेटौंडालाई बालमैत्री पालिका घोषणा गरिएको छ ।

बालमैत्री शासनयुक्त स्थानीय तह घोषणा अभियान बालबालिकाको हक अधिकार प्राप्तिका लागि सुरुवात हो । बालअधिकारको प्रत्याभूतिका लागि यस अभियानले पक्कै सहयोग गर्दछ । आजका बालबालिका भविष्यका कर्णधार हुन् । त्यसैले बालबालिकालाई उनीहरुको अधिकार प्रदान गरेमा भविष्यमा देशले सक्षम र योग्य जनशक्ति पाउने सम्भावना हुन्छ । विकसित देशको तुलनामा हाम्रो जस्तो विकासशील देशका बालबालिकाले आफ्नो विशेष अधिकार पाएका हुँदैनन् । बालअधिकार नपाएका बालबालिकाको चौतर्फी विकासमा बाधा पुग्नसक्छ । निर्धारित सूचकहरु व्यवहारिक रुपमै पूरा भएर गरिने बालमैत्री घोषणाले बालबालिकालाई उनीहरुको अधिकार दिलाउन सम्भव बनाउँछ । तर, कागजीरुपमा सूचक पूरा भएको देखाएर गरिने बालमैत्री घोषणाले बाल अधिकार दिलाउन दबाब दिने काममात्र गर्दछ ।

अहिलेकै अवस्थामा बालमैत्री घोषणा गर्न पूरा गर्नुपर्ने निर्धारित सबै सूचक पूरा गर्न असम्भवजस्तै छ । निर्धारित कतिपय सूचकहरु मापन गर्न कठिन हुने र कतिपय सूचक पूरा गर्न नसकिने प्रकृतिका छन् । ६ महिनासम्मको शिशुलाई पूर्ण स्तनपान गराएको हुनैपर्ने भन्ने सूचक कसरी मापन गर्ने ? यस्तै, स्थानीय तह बालविवाहमुक्त हुनेछन् र ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (कक्षा-८ सम्म) पूरा गरेका हुनेछन् भन्ने सूचक पूरा गर्ने सम्भावना छैन । २० वर्ष नपुग्दै सुत्केरी हुनेको संख्या करिब ८ प्रतिशत रहेको अवस्थामा बालविवाहमुक्त कसरी सम्भव होला ? त्यसैले, बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गरिनु ठूलो उपलब्धि होइन । घोषणा सुरुवातमात्र हो । बालमैत्री घोषणापछि त्यसको निरन्तरता र दिगोपन महत्वपूर्ण हुन्छ । बालमैत्री घोषणाले बालअधिकार प्रत्याभूतिका लागि आवश्यक कार्य गर्न स्थानीय तहलाई दबाब दिने काम गर्नसक्छ । यसैको आधारमा बालबालिका र सरोकारवालाले बालअधिकारको वकालत गर्न सक्छन्, जसलाई पूरा गर्नु स्थानीय सरकारको दायित्व हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बोलीमा मिठास र आय ठिकै रहने समय छ ।
**वृष** : साथीसंगीले काममा सहयोग गर्ने समय छ ।
**मिथुन** : अध्ययन–अध्यापनका कामहरु सफलै हुनेछन् ।
**कर्कट** : कार्यक्षेत्रमा बोली र कामको कदर हुने योग छ ।
**सिंह** : धार्मिक एवम् परोपकारजन्य काममा सरिक भइने छ ।
**कन्या** : विश्वास र निर्णयले मात्र अघि बढ्ने समय छ ।
**तुला** : प्राविधिक क्षमताको विकास हुने समय योग छ ।
**वृश्चिक** : ठूलाबडाको सान्निध्यता प्राप्त हुने समय योग छ ।
**धनु** : परोपकार र यात्रा योगमा सरिक भइने समय योग छ ।
**मकर** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग छ ।
**कुम्भ** : मन भावुक संवेदनशील बन्ने समय योग छ ।
**मीन** : सामाजिक एवम् धार्मिक कृत्यमा सरिक भइने योग छ ।

# प्रदेशमा स्टार्टअप उद्यम नीति: चर्चा बढी, प्रगति न्यून

**उद्यमीहरुको नवीन सोच र अवधारणालाई स्टार्टअप उद्यम-व्यवसायमा रुपान्तरण गर्ने सम्बन्धमा नेपाल सरकारको आवधिक योजना र प्रदेशहरुको आवधिक योजनाले राखेका उद्देश्य पूरा गर्न तथा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रबाट विभिन्न रुपमा सञ्चालित स्टार्टअप कार्यक्रमलाई व्यवस्थित र विकास गर्न आवश्यक छ ।**



पदम भण्डारी



सूचना प्रविधिको अभूतपूर्व विकासले संसार एक विश्वग्राममा परिवर्तित भएको छ । सूचना प्रविधिको बढ्दो उपयोगले संसारभरि नै उद्यमशीलता र व्यावसायिकताको विकास भएको छ। नयाँ उद्यमी र युवाहरुमा नयाँ सोच, अन्वेषण र सृजनशीलता बढेको छ। युवाले आफ्नो नव-अन्वेषणयुक्त सृजनशील सोच र उद्यमशीलतालाई सामाजिक संस्कृति र उत्तरदायित्वका रूपमा स्थापित गरी व्यावसायिक उद्यम गर्न सुरु गरेका छन् । फलस्वरूप देशमा सामाजिक उन्नयन, रोजगारी सृजना, आयस्तरमा वृद्धि तथा समग्रमा मुलुककै दिगो र फराकिलो आर्थिक वृद्धि भई सबल अर्थतन्त्रको निर्माण हुन सक्छ ।

अहिले संसारभर नवप्रवर्तनकारी सोच र नवअन्वेषणसहितको स्टार्टअप उद्यम-व्यवसाय सञ्चालनको लहर चलेको छ । छिमेकी देशमा युवा उद्यमीलाई स्टार्टअप उद्यम-व्यवसायमा प्रवर्द्धन एवं प्रोत्साहन गर्न वित्तीय सहयोगलगायतका विभिन्न नीति तथा कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालनमा रहेका छन्। यसबाट वस्तु तथा सेवाको उत्पादन तथा प्रवाहमा गुणस्तर र प्रभावकारितामा वृद्धि भएको छ ।

प्रदेशमा औद्योगिक र व्यावसायिक वातावरण सृजना गर्न स्टार्टअप उद्यम-व्यवसायमा संलग्न भएका र हुन चाहने नवउद्यमीलाई सरकारी तहबाट वित्तीय सहयोग, सहजीकरण एवं समन्वय गरी आवश्यक पुँजी, बजार, ज्ञान, सीप, प्रविधि तथा तालिम उपलब्ध गराउन अति आवश्यक भएको छ । संसारको विभिन्न स्थानमा अध्ययन तथा कामको अनुभव तथा सीपका आधारमा स्टार्टअप उद्यम सञ्चालनका लागि कोसी प्रदेशमा स्टार्टअपको विकास र विस्तारका लागि नीतिगत व्यवस्था गर्न अपरिहार्य देखिएको छ ।

स्टार्टअपसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्ने कार्य संघीय सरकारबाट भइसकेको सन्दर्भमा यस प्रदेशमा संघीय नीतिलाई परिपूरक हुने गरी र स्थानीय तहलाई समेत समेट्ने गरी स्टार्टअप उद्यम-व्यवसायसम्बन्धी नीति तर्जुमा गर्न आवश्यक छ। यसबाट प्रदेशहरुमा स्टार्टअप उद्यम-व्यवसायसम्बन्धी अनुकूल वातावरण निर्माण हुने, प्रदेशमा औद्योगिक वातावरण सृजना हुने, वस्तु तथा सेवाको उत्पादकत्व बढ्ने र रोजगारीका अवसरहरु सृजना हुनेछन् । तसर्थ, उपर्युक्त अवस्थालाई दृष्टिगत गरी प्रदेश सरकारले 'प्रदेश स्टार्टअप उद्यम नीति' तर्जुमा गर्नु जरुरी छ ।

विश्वमा स्टार्टअप व्यवसायको क्षेत्र, दायरा र कारोबार रकम दिनानुदिन बढ्दै गइरहेको छ। विश्व स्टार्टअप इकोसिस्टम प्रतिवेदन, २०२२ बमोजिम विश्वभर रहेको स्टार्टअप व्यवसायको आकार ३ ट्रिलियन अमेरिकी डलर पुगेको छ । स्टार्टअपका क्षेत्रमा छिमेकी राष्ट्रहरूले पनि निकै छिटो फड्को मारिरहेका छन्। म्यापिङ अफ नेपाल्स इभोल्भिङ स्टार्टअप इकोसिस्टम, २०१९ का अनुसार, नेपालमा अहिले करिब चार-साढे चार सय स्टार्टअप व्यवसाय इन्क्युबेसन र एक्सिलेरेसनको प्रक्रियाबाट अघि बढिरहेका छन्। तीमध्ये अधिकांश स्टार्टअप काठमाडौं उपत्यकामा केन्द्रित रहेका देखिन्छन् ।

कुनै एउटा प्रदेशलाई उदाहरणका रूपमा लिने हो भने कोसी प्रदेशको दोस्रो आवधिक योजना (आ.व. २०८१-८२-२०८५-८६) मा उद्योग क्षेत्रअन्तर्गत उद्यमशीलता नवीनतम सोच र संस्थागत सोचको विकास गर्ने रणनीति तथा आधुनिक प्रविधिमा आधारित उद्यमशीलता, नवीनतम सोच, स्टार्टअप र संस्थागत सोचसम्बन्धी आवश्यक कार्य गर्ने कार्यनीतिमा उल्लेख गरिएको छ। त्यस्तै आव २०८१-८२ को कोसी प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रदेशमा उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहित गर्न स्टार्टअप नीति तर्जुमा गरिनेछ । स्टार्टअप सम्बद्ध उद्यमीलाई आवश्यक तालिम र व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ भनी उल्लेख गरिएको छ ।

कोसी प्रदेश विगतदेखि नै औद्योगिक विकासका लागि प्रसिद्ध छ । नेपालमा सबैभन्दा पहिले विराटनगरमा वि.सं. १९९३ मा विराटनगर जुट मिल स्थापना भएको हो । व्यापारिक र औद्योगिक गतिविधिले सुपरिचित यो क्षेत्र हाल औद्योगिक विकासको दृष्टिले कमजोर अवस्थामा पुगेको छ। यहाँका युवा तथा नवउद्यमीहरूमा सूचना प्रविधिको ज्ञान र पहुँचले उद्योग व्यवसायतर्फ आकर्षित गरेको पाइएको छ। इन्टरनेट र स्मार्टफोनको प्रयोग र विस्तारले यस क्षेत्रका युवामा स्टार्टअपप्रतिको चाख र आकर्षणमा वृद्धि भएको देखिन्छ । विराटनगरमा इक्विटी वा ऋणमा लगानी गर्न सीमित संख्यामा भेन्चर क्यापिटल, प्राइभेट इक्विटी तथा इन्भेस्टमेन्ट कम्पनीहरु सक्रिय रहेका छन् ।

नेपालमा स्टार्टअपसम्बन्धी विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान छन् । यी समस्या र चुनौतीलाई समयमै समाधान गर्न सके औद्योगिक विकासका लागि प्रशस्त अवसर प्राप्त हुनेछ। स्टार्टअपसम्बन्धी समस्या, चुनौती र अवसरहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

स्टार्टअप व्यवसाय सुरु, विकास एवं प्रवर्द्धन गर्न पुँजी एवं वित्तीय सहयोगको अभाव छ । संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य सरोकारवालाबाट प्राप्त हुनुपर्ने छुट, सुविधा, सहुलियत र प्रोत्साहनको अभावका कारण स्टार्टअप व्यवसाय अपेक्षित रूपमा प्रवर्द्धन गर्न सकिएको छैन । उद्यम-व्यवसायलाई दिनुपर्ने कर छुट तथा सुविधा संघीय सरकारको आर्थिक ऐनमा निर्भर रहनुपर्ने अवस्था छ ।

संघीय सरकारका विभिन्न निकायका साथै प्रदेश र स्थानीय तहले उद्यमीको नवप्रवर्तनकारी सोचलाई प्रवर्द्धन गर्न सञ्चालित कार्यक्रम एकीकृत रूपमा प्रभावकारी ढङ्गबाट सञ्चालन हुन सकेका छैनन् । व्यवसाय संवर्द्धन केन्द्र संस्थागत हुन सकेको छैन । स्टार्टअप उद्यमीलाई नवीन प्रविधि, तालिम तथा बजार मूल्य श्रृंखलासँग आबद्ध गराउन सकिएको छैन । स्टार्टअपसम्बन्धी इकोसिस्टमका लागि अत्यावश्यक हुने इन्क्युबेटर, एक्सिलेरेटर, मेन्टर, लगानीकर्ता र स्टार्टअप कर्ताबीच हुनुपर्ने आपसी समन्वय र साझेदारीको अभाव छ ।

स्टार्टअपकर्तालाई चाहिने अनुभवी प्रशिक्षक र मेन्टरको अभाव छ। उपलब्ध प्रशिक्षक र मेन्टरको रोस्टर पनि व्यवस्थित छैन । बैंक, वित्तीय संस्था, लघुवित्त र सहकारी संस्थाको उच्च ब्याजदर र कर्जाका लागि सम्पत्ति धरौटी राख्नुपर्ने सर्त स्टार्टअप व्यवसायीका लागि सहज छैन ।

सेयर (इक्विटी) र भेन्चर क्यापिटलमा लगानी गर्ने लगानीकर्ताले कम्तीमा पनि केही निश्चित प्रतिशतको प्रतिफल दर अपेक्षा गर्छन्। तर, स्टार्टअप व्यवसायमा उक्त दरको प्रतिफल व्यवसायको प्रारम्भमा निश्चित नहुने हुँदा सेयर लगानीकर्ता स्टार्टअप व्यवसायमा लगानी गर्न उदासीन रहने अवस्था छ ।

व्यवसाय सुरु गर्न स्टार्टअपकर्ताले साना लगानीकर्ता पाइरहेका छैनन् भने प्राइभेट इक्विटिज र भेन्चर क्यापिटल फर्मले ठूलो लगानी ग्रहण गर्न सक्ने उपयुक्त स्टार्टअप पाइरहेका छैनन् । स्टार्टअपकर्ता र लगानीकर्ताबीच समन्वय र सहकार्य पनि भएको पाइँदैन। नियामक निकायको अभावले अनुगमन, मूल्यांकन तथा सहजीकरणमा समस्या देखा परेको छ । प्रदेशमा स्टार्टअप इकोसिस्टम प्रभावकारी छैन ।

मुलुकले संघीय शासन प्रणाली अवलम्बन गरेको छ। संविधानबमोजिम नै उद्योग दर्ता, व्यवसाय र रोजगारीसम्बन्धी सेवा प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका छन् । कानुन र संस्थागत संरचनाको स्थायी प्रबन्ध प्रदेश सरकार आफैंले गर्न सक्ने अवस्था विद्यमान छ। वित्तीय क्षेत्रको दायरा फराकिलो गर्न सक्ने कानुनी आधार प्रदेशले प्राप्त गरेको छ र उद्यम क्षेत्र र रोजगारी सिर्जना प्रदेश सरकारको प्राथमिकतामा परेको अवस्था छ। प्रदेशमा युवा जनशक्ति प्रविधिमैत्री हुनु र धेरै प्राविधिक विषय अध्यापन गराउने संस्थाहरू स्थापित भएका कारण कोसी प्रदेशसहित सबै प्रदेशमा स्टार्टअप व्यवसाय प्रवर्द्धनको सम्भावना उच्च छ।

प्रदेशहरूमा उद्योग, कृषि तथा सूचना प्रविधिसम्बन्धी स्टार्टअप उद्यममा लगानीको उच्च सम्भावना छ। प्रदेशमा उद्योग, कृषि र सहकारी क्षेत्र हेर्ने मन्त्रालयहरु हुनु र उद्योग, कृषि र सहकारीबीच उत्पादन, प्रशोधन र बजार व्यवस्थापनमा पृष्ठ र अग्रसम्बन्ध हुने भएकाले पनि प्रदेशहरूमा नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमको भविष्य सकारात्मक देखिन्छ ।

नेपालको संविधानले राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत मुलुकको आर्थिक तथा औद्योगिक विकासका लागि दिशानिर्देश गरेको छ। संविधानमा राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रको विकासका लागि नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी उद्योग र लगानीलाई प्राथमिकता दिने सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामूलक विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने जस्ता विषय मार्गदर्शक तथा नीतिगत व्यवस्थाको रूपमा रहेका छन् ।

नेपाली समाजमा युवाको उपस्थिति उल्लेख्य छ । यसबाट हुने जनसांख्यिक लाभको अवस्था अबको दुई दशकसम्म रहने अनुमान गरिएको छ । वर्तमान अवस्थामा समाजमा युवामा बढ्दै गइरहेको आत्मनिर्भरताको चाहना र उद्यमशीलताप्रतिको मोहले विभिन्न तहका सरकारलाई यस क्षेत्रमा प्राथमिकताका साथ काम गर्न दबाब सिर्जना भइरहेको छ । उद्यमीहरूको नवीन सोच र अवधारणालाई स्टार्टअप उद्यम-व्यवसायमा रुपान्तरण गर्ने सम्बन्धमा नेपाल सरकारको आवधिक योजना र प्रदेशहरूको आवधिक योजनाले राखेका उद्देश्य पूरा गर्न तथा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रबाट विभिन्न रूपमा सञ्चालित स्टार्टअप कार्यक्रमलाई व्यवस्थित र विकास गर्न आवश्यक छ ।

स्टार्टअप उद्यम-व्यवसायमार्फत रोजगारी सृजना, आर्थिक आयमा वृद्धि तथा फराकिलो र दिगो अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउन संघीय स्टार्टअप नीति तयार भएको छ । सबै प्रदेशमा कृषि, सूचना प्रविधिलगायत प्रदेश औद्योगिक व्यवसाय ऐनले प्राथमिकतामा राखेका उद्योगहरुमा स्टार्टअप उद्यमको सम्भावना अधिक रहेको सन्दर्भमा प्रदेशहरूले तत्काल प्रदेश स्टार्टअप नीति तयार गरी कार्यान्वयन गर्न अब ढिलो गर्नु हुँदैन ।

*(स्रोत: कारोबारदैनिक)*

# भवानी माविको विव्यस अध्यक्षमा नवराज

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिका-३, कालिटारमा रहेको भवानी माध्यमिक विद्यालयको ४९ औं अभिभावक भेला सम्पन्न भएको छ। शनिबार भएको भेलाले विद्यालय व्यवस्थापन समिति (विव्यस) अध्यक्षमा नवराज ओझालाई चयन गरेको हो।

अभिभावक भेलाले ओझाको नेतृत्वमा सर्वसम्मत विद्यालय व्यवस्थापन समिति चयन गरेको विद्यालयका प्रधानाध्यापक बालचन्द्र मल्लले जानकारी दिनुभयो। समिति सदस्यहरुमा शेरबहादुर दर्लामी, राजकुमार तामाङ थिङ, शान्ति डिम्डुङ, शर्मिला प्रजा र राममाया प्रजा चयन हुनुभएको छ। यस्तै, समितिको वडा प्रतिनिधिमा वडा अध्यक्ष देवलाल बल र शिक्षक प्रतिनिधिमा अनिल चौधरी चयन हुनुभएको उहाँले जानकारी दिनुभयो।

प्रधानाध्यापक मल्लका अनुसार अभिभावक भेलाले आइतराम स्याङ्तानलाई शिक्षक अभिभावक संघको अध्यक्षमा सर्वसम्मत चयन गरेको छ। शिक्षक अभिभावक संघको सदस्यहरुमा समिता थापा मगर, रामबहादुर प्रजा, सञ्चिता मोक्तान, निर माया सुनार, सिर्जना मोक्तान, जीतबहादुर प्रजा, पदेन सदस्यमा विद्यालयका प्रधानाध्यापक बालचन्द्र मल्ल र शिक्षक प्रतिनिधिमा गोविन्द मल्ल चयन हुनुभएको छ।

विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष सुन्दर राना मगरको सभाध्यक्षता तथा कैलाश-३ का वडा अध्यक्ष देवलाल बलको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको थियो। कार्यक्रममा कार्यपालिका सदस्य राममाया प्रजाको विशिष्ट आतिथ्य तथा सांग्रिला डेभलपमेन्ट एसोसिएनका मधुसुदन राउत, विद्यालय व्यवस्थापन समितिका सदस्य सुकबहादुर स्याङ्तान, वडा सदस्य निरमाया सुनार, युवा व्यवसायी प्रदीप कालाखेतीलगायतको आतिथ्य रहेको थियो।

१० कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल ५ सय ६५ जना विद्यार्थी अध्ययनरत रहेका छन्। यस वर्षको एसईई परीक्षाका लागि ४६ जना विद्यार्थीले फारम भरेका छन् भने अभ्यास परीक्षामा ४२ जना विद्यार्थीमात्रै उपस्थित भएका थिए। चार जना अनुपस्थित विद्यार्थी पठनपाठनका लागि अन्यन्त्र गएको र परीक्षाका लागि मात्र विद्यालयमा उपस्थित हुने विद्यालयका प्रधानाध्यापक मल्लले जानकारी दिनुभयो।

नवनिर्वाचित विद्यालय व्यवस्थापन समितिको आइतबार बसेको बैठकले विद्यालयमा विद्यार्थी नियमित उपस्थिति गराउने, पठनपाठनको गुणस्तर वृद्धि गर्ने, एसईई दिने विद्यार्थीका लागि आवासीयरुपमा पठनपाठन गराउनेलगायत विषयमा छलफल गरेको प्रधानाध्यापक मल्लले जानकारी दिनुभयो।

# हस्तलेखन प्रतियागिता स्नेहा र छिरिङ उत्कृष्ट


समाज संवाददाता

हेटौंडाः हस्तलेखन प्रतियोगितामा स्नेहा दोङ र छिरिङ लोप्चन उत्कृष्ट हुनुभएको छ। आइतबार राक्सिराङ गाउँपालिका-२ स्थित सूर्योदय माध्यमिक विद्यालयले हस्तलेखन प्रतियोगिता आयोजना ग रेको हो।

प्रावि तहको सूर्योदय स्रोत केन्द्रस्तरीय हस्तलेखन प्रतियोगितामा नेपाली अक्षरतर्फ सूर्योदय माध्यमिक विद्यालयका स्नेहा दोङ प्रथम हुनुभएको छ। नेपालीतर्फ ठूलीदमार आधारभूत विद्यालयका विष्णुमाया ब्लोन द्वितीय र प्राथमिक विद्यालय, छिल्किनीका आकृति थोकर तृतीय हुनुभएको हो। अंग्रेजी अक्षरतर्फ सनराइज इङ्लिस पब्लिक स्कूलका छिरिङ लोप्चन प्रथम हुनुभएको छ। प्रजाप्रगति विद्यालयका गोले द्वितीय र भमेश्वरी प्राविका अञ्जिता ब्लोन तृतीय हुनुभएको हो।

प्रतियोगितामा दुबै भाषातर्फका प्रथम, द्वितीय र तृतीयलाई प्रमाणपत्रसहित शैक्षिक सामग्री पदान गरिएको सूर्योदय माविका प्रधानाध्यापक सीताराम सुवेदीले जानकारी दिनुभयो। प्रतियोगितामा १२ वटा विद्यालयका २४ जना विद्यार्थीको सहभागिता रहेको थियो।

# पुष्पलाल पुस्तकालयलाई पुस्तक सहयोग



पुस्तक हस्तान्तरण गरिँदै।

समाज संवाददाता

हेटौंडा : पुष्पलाल स्मृति पुस्तकालयलाई गौतम बुद्ध र बौद्ध दर्शन सम्बन्धी पुस्तकहरु उपहारमा प्राप्त भएको छ। साहित्य संगम मकवानपुरको व्यवस्थापनमा सञ्चालित हेटौंडा-५ स्थित पुष्पलाल स्मृति पुस्तकालयलाई साहित्यकार दुर्गा लामिछाने 'नमूना' ले ३२ थान पुस्तक हस्तान्तरण गर्नुभएको हो।

शनिबार लामिछानेले पुस्तकालय पुगेर साहित्य संगम मकवानपुरका उपाध्यक्ष सानु खनाललाई पुस्तक हस्तान्तरण गर्नुभयो। हेटौँडाका बौद्ध दर्शनमा रुची राख्ने पाठक एवम् अध्येताका लागि पुस्तक उपहार दिएको लामिछानेले बताउनुभयो।

पुष्पलाल स्मृति पुस्तकालय हरेक दिन बिहान १० बजे खुलेर साँझ साढे ५ बजेसम्म खुल्ने गरेको छ। पुस्तकालयमा दैनिक औसत १० जना मात्रै पाठक उपस्थित हुने गरेको छ। पुस्तकालयको सदस्य हुनका लागि पाँच सय रुपैयाँ धरौटी लिने गरेको छ भने मासिक शूल्क १५ रुपैयाँ कायम गरेको छ। पुष्पलाल स्मृति पुस्कालयमा २ सय जना सदस्य छन्।

# अनेरास्ववियुद्वारा क्याम्पससमक्ष १२ बुँदे माग



समाज संवाददाता

हेटौंडाः आइतबार अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुर बहुमुखी क्याम्पस कमिटीले क्याम्पससमक्ष १२ बुँदे मागपत्र बुझाएको छ। कमिटीका संयोजक प्रसिद्ध रेग्मीको नेतृत्वमा मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख यमबहादुर सिलवाललाई विभिन्न मागसहित पत्र बुझाएको हो।

क्याम्पसभित्र स्वस्थ एवम् स्वच्छ वातावरण निर्माण गर्न नियमित सरसफाईको व्यवस्थासँगै हरेक कक्षाकोठामा डस्टबिनको व्यवस्था गर्न र हरेक ब्लकको तलाहरुमा युरो गार्डसहितको स्वच्छ खानेपानीको प्रबन्ध गर्न माग गरिएको छ। प्रविधिको प्रयोग तथा फोनपेबाटै सरल तरिकाले क्याम्पसको शुल्क बुझाउने व्यवस्था मिलाउन माग गरिएको छ।

सबै संकाय र तहमा सम्बन्धित विषयको स्किल डेभलपमेन्टका कोर्स सञ्चालन गर्न, स्नातक तहको तेस्रो वर्ष र अन्तिम वर्षमा हुने शैक्षिक भ्रमणका लागि क्याम्पसले दिने सहयोग रकम वृद्धि गर्न अनेरास्ववियुले माग गरेको छ। क्याम्पसमा व्यवस्थित र अत्याधुनिक सभाहल निर्माण पहल गर्न, डिजिटल क्लासरुमको व्यवस्था गर्न, लाइब्रेरीमा भएका किताबको सहज व्यवस्थापन गर्न र विद्यार्थीलाई समयमै गुणस्तरीय आईडी कार्ड प्रदान गर्न माग गरिएको छ।

लाईब्रेरीको धरौटी रकम पारदर्शी बनाउन, सेनेटरी प्याड भेन्डिङ मेशिन व्यवस्थापन गरी प्रभावकारी ढंगले सञ्चालनमा ल्याउन र विद्यार्थीलाई आवश्यक पुस्तक यथाशिघ्र उपलब्ध गराउन माग गरिएको छ। अनेरास्ववियुले पेश गरेको मागहरु बेवास्ता गरिए कडा संघर्षमा उत्रिन बाध्य हुने चेतावनीसमेत दिइएको छ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना।
- **उमेर** : १८ वर्ष पुरा भएको।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2



पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप विद्यालयलाई हस्तान्तरण गर्नुहुँदै वडाअध्यक्ष विष्णुगोपाल महर्जन।



विद्यार्थीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप लगाइदिँदै स्वास्थ्यकर्मी।

## अनडु म्यान

**पुस्तक समीक्षा**

**लेखक : अमित विद्यार्थी**
**चित्र : लिटी ट्याटवलदेडोर**
**प्रकाशकः काठमाडौं पब्लिकेशन**
**सर्वाधिकारः लेखकमा**
**वितरकः बुक यान्ड**



### किताबको सानो वर्णन :

मैले पढेको किताबको नाम अनडु म्यान हो। यो किताब एउटा बच्चामा आधारित रहेर बनेको छ। मलाई यो किताब पढ्न कम्तीमा चार घण्टा लाग्यो। यसमा एउटा रोजन भन्ने केटो छ। जसले कसैको कुरा मान्दैन थियो। उसलाई बुट्वलको सबैभन्दा राम्रो विद्यालयले पनि सुधार्न सकेको थिएन। उसले सधैं गाली खान्थ्यो तर पनि ऊ आफ्नो बानी सुधार्दैन थियो। घरमा उसलाई बुबा आमाले गाली गर्ने र पिट्ने गर्थे र विद्यालयमा उसलाई गुरुले बडो गाली र पिट्ने गर्थ्यो। उसको मुटुमा चोट लागे पनि ऊ सुर्धिदैन थियो। उसलाई सबैले नराम्रो भन्थे। उसलाई पिट्दा उसले कहिले डरले बोल्दैनथ्यो।

### किताबको व्याख्या :

यो कथामा एउटा रोजन भन्ने केटो थियो। उसलाई कसैले गाली या कुटपिट गर्दा ऊ केही बोल्न सक्दैन थियो। त्यसको कारण उसलाई पनि थाहा थियो। जतिखेर पनि उसले अनडु कसरी गर्ने भनेर एकहोरो सोच्थ्यो। उसलाई थाहा थियो उसको डरले उसलाई कम्जोर पाऱ्यो। ऊ कुनै पनि काम राम्ररी गर्दैन थियो। उसले कुनै पनि काम गर्दैन थियो। यस्तो कुराले हैरान यो मेरो जीवन सपना स्कूलबाट घर जाँदा सोच्यो सपना हो की विपना भनेर ? ऊ बुबासँगै घर जाँदा अनडु कसरी गर्ने भन्ने सोच्थ्यो। शक्ति कति बलियो हुन्छ भनेर पङ्खा हेरेर सोच्थ्यो। रोजनले आफूलाई कम्प्युटरसँग तुलना गर्न थाल्यो। उसले गर्ने गल्तीलाई उसले इनपुटसँग तुलना गऱ्यो र आमा, बाबा, गुरुले देखाउने व्यवहारलाई त्योसँग तुलना गऱ्यो र उसले खाने गाली, कुटाईलाई आउटपुटसँग तुलना गऱ्यो। उसले अब आफूलाई अनडु म्यान बुझिसकेको थियो।

### मैले बुझेका कुराहरू

मैले यो बुझे कि कुनै पनि व्यक्तिलाई तनाव दिँदा मानिसमा मानसिक डर हुन्छ। उसले आफ्नो मनको कुरा व्यक्त गर्न सक्दै। आफूलाई एकलो बुझ्छ। कुन मानिसले जीवनमा अनडु गर्न पाए हुन्थ्यो यो सोचेको छैन होला र ! तर सबैको कारण बेग्लाबेग्लै हुन्छन्। कुनै पनि मानिसलाई उसको मनमा धेरै तनाव दिनु हुँदैन। उसको कुराहरुलाई बुझिदिनु पर्छ। त्यसले उसलाई प्रोत्साहित गर्छ।






**सफल चौधरी**
**कक्षा-७**

# प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगिताको उपाधि ओमनगरलाई



ओमनगर क्रिकेट क्लबलाई ट्रफी हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौँडा : मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा भएको प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगिताको उपाधि ओमनगर क्रिकेट क्लबले जितेको छ । आइतबार हेटौँडा-४, हुप्रचौरमा आइतबार भएको प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगिताको फाइनल खेलमा मकवानपुर क्रिकेट क्लबलाई ८ विकेटले हराउँदै ओमनगर क्रिकेट क्लबले उपाधि जितेको छ ।

प्रतियोगिताको विजेता र उपविजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ। प्रतियोगिताको उत्कृष्ट बलर मकवानपुर क्रिकेट क्लबका निश्चल दुलाल, उत्कृष्ट व्याट्सम्यान ओमनगरका गौरव खड्का र प्रतियोगिताकै सर्वोकृष्ट खेलाडी ओमनगरका रोहित ठाकुर घोषित हुँदै ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् ।

टस जितेर पहिले व्याटिङ गरेको मकवानपुर क्रिकेट क्लबले निर्धारित ३० ओभरमा ९ विकेटको क्षतिमा १ सय १६ रन बनाएको थियो । मकवानपुर क्रिकेट क्लबका तक्षक सिम्खडाले सर्वाधिक ३२ रन बनाएका थिए । यस्तै, आशिक अधिकारीले १६ रन र सुमन सुनारले १२ रन बनाएका थिए । विशेष थापा र शिवशक्ति महतोले समान १०/१० रन मात्र बनाए ।

बलिङतर्फ ओमनगरका अहमद राजाले सर्वाधिक ३ विकेट लिए । रोहित ठाकुरले २ विकेट लिएका थिए। मकवानपुर क्रिकेट क्लबले दिएको १ सय १७ रनको लक्ष्य पछ्याएको ओमनगर क्रिकेट क्लबले १२ ओभर २ बलमा १ सय १८ रन बनाएको थियो। ओमनगरबाट शुभ कंशाकारले ५१ रन बनाए। यस्तै, गौरव खड्काले ३४ रन र आशिक दहालले १७ रन बनाएका थिए। गोकुल अधिकारीले ७ रन मात्र जोड्न सफल भए । म्यान अफ द म्याच ओम नगरका शुभ कंशाकार घोषित भएका छन्।

प्रतियोगितामा सहभागी भएका खेलाडीहरुमध्ये पहिलो चरणमा १८ जना र दोस्रो चरणमा १४ जना छनोट गरी जिल्ला टिम तयार गर्नेछ । छनोट प्रतियोगितामा ६ वटा टिमको सहभागिता रहेको थियो । मकवानपुर जिल्ला क्रिकेट संघका अध्यक्ष करण महतरा क्षेत्रीको सभाध्यक्षमा तथा हेटौँडा उपमहानगरपालिका वडा नम्बर-४ का अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको हो । पुरस्कार वितरण कार्यक्रममा जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष राजकुमार मोक्तान, क्रिकेट संघ मकवानपुरका पूर्वअध्यक्ष वासुलाल श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

### बागमती गोल्डकप फुटबल

# १० खेलाडीमा सीमित एफपीएफ टाइब्रेकरमा विजयी



म्यान अफ द म्याचको ट्रफी प्रदान गरिँदै ।

समाज संवाददाता

हेटौँडा : पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा शनिबारबाट सुरु भएको सातौं संस्करणको बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगितामा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले जित निकालेको छ । सहिद स्मृति रंगशालामा आइतबार भएको खेलमा साविक उपविजेता एफपीएफले जित निकाल्दै अन्तिम आठमा प्रवेश गरेको छ । एफपीएफले चितवन जिल्लाको हानामी बिएफसीलाई टाइब्रेकरमा ३-१ गोलअन्तरले पराजित गरेको छ ।

१० खेलाडीमा सीमित एपीएफले टाइब्रेकरमा जीत निकालेको हो । ६४औं मिनेटमा एपिएफका प्रदीप लामा रातो कार्ड पाएर मैदान बाहिरिएपछि १० खेलाडीमा सीमित भएको थियो । खेलको निर्धारित समय गोलरहित बराबरीमा रोकिएपछि खेल टाइब्रेकरमा पुगेको हो । टाइब्रेकरमा एपीएफका सुमन श्रेष्ठ, दिपेश धिमाल र मणि कुमार लामाले प्रहार गरेको बल गोलमा परिणत भएको थियो । बिएफसीका अमन लामाको प्रहार मात्रै गोलमा परिणत भयो । बिएफसीका रोशन क्षेत्री र सुरेश कुमालको प्रहार एपीएफका गोलरक्षक एञ्जल श्रेष्ठले रोक्दा विदेश खेलाडी बफरको प्रहार पोष्टबाट बाहिर पुगेको थियो। एपीएफका गोलरक्षक श्रेष्ठ म्यान अफ द म्याच घोषित हुँदै १० हजार रुपैयाँ प्राप्त गरे ।

प्रतियोगिताको फाइनल खेल फागुन १२ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई जनही १ लाख १ हजार रुपैयाँको नगद पुरस्कार प्रदान गरिने छ भने अन्य विधागत उत्कृष्ट खेलाडीहरुका लागि २५ हजार रुपैयाँका नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । बागमती गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगिता नकआउट प्रणालीमा सञ्चालन भएको हो । प्रतियोगिता अन्तर्गत सोमबार त्रिभुवन आर्मी क्लब र चर्च ब्वाइजबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा ७ वटा 'ए' डिभिजन क्लब र ३ वटा मोफसलका क्लबसहित १० टिमको सहभागिता रहेको छ । प्रतियोगिताका लागि गाउँपालिकाले २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। ७४ लाख ७३ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिताका लागि मकवानपुरको १० वटै पालिकाबाट, सिन्धुली जिल्लाको मरिण गाउँपालिका र हरिहरपुरगढी गाउँपालिकासँग पनि सहयोगका लागि पहल गरिएको बताइएको छ ।

# नगरस्तरीय भलिबल प्रतियोगिताको उपाधि ज्ञानोदयलाई

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनम भइरहेको खेलकुद महोत्सव अन्तर्गत भलिबल प्रतियोगिता सम्पन्न भएको छ । आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको सहव्यवस्थापनमा भएको नगरस्तरीय भलिबल प्रतियोगिताको उपाधि हेटौंडा-५ स्थित ज्ञानोदय आवासीय माविले जितेको छ ।

आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको भलिबल कोर्टमा आइतबार भएको फाइनल खेलमा ज्योति माध्यमिक विद्यालयलाई २-० को सोझो सेटले पराजित गर्दै ज्ञानोदयले उपाधि जितेको हो। ज्योतिलाई ज्ञानोदयले २५-१२ र २५-२२ को सेटले हराएको हो ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडी ज्ञानोदय आवासीय माविका ग्रिसम अर्याल घोषित भएका छन् । खेलकुद महोत्सव अन्तर्गत नगरका १३ वटा विद्यालयको विद्यार्थी टिमबीच भलिबल प्रतियोगिता भएको आधुनिक राष्ट्रिय माविका खेलकुद शिक्षक राजाराम पोखरेलले जानकारी दिनुभयो । प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमलाई फागुन ७ गते हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा पुरस्कार प्रदान गरिने उहाँले बताउनुभयो।

# फुटबल र क्रिकेटको सेमीफाइनल समीकरण पूरा

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा सञ्चालन भइरहेको खेलकुद महोत्सव अन्तर्गत नगरस्तरीय सेभेन ए साइड फुटबल र क्रिकेट प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । शनिबारबाट श्रमिक माध्यमिक विद्यालयको सहव्यवस्थापनमा फुटबल र भूटनदेवी माध्यमिक विद्यालयको सहव्यवस्थापनमा क्रिकेट प्रतियोगिता सुरु भएको हो ।

हेटौंडा उपमहानगरभित्रका २१ विद्यालयको विद्यार्थीको टिम सहभागी सेभेन ए साइड फुटबल प्रतियोगितामा आइतबार समिफाइनल खेल्ने विद्यालय टिमको टुंगो लागेको छ। हेटौंडा-१२ स्थित बुद्ध मावि र हेटौंडा-९ स्थित प्रगति माविबिच पहिलो सेमिफाइनल तथा हेटौंडा-४ स्थित श्रमिक मावि र हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीबिच दोस्रो सेमिफाइन हुने भएको हो । आज सोमबार विहान सेमिफाइनल खेलहरु हुने र फाइनल खेल सोमबार दिउँसो हुने श्रमिक माविका खेल शिक्षक राजेश अधिकारीले जानकारी दिनुभयो ।

क्वार्टरफाइनल खेलमा भूटनदेवी माविलाई २-० गोलले पराजित गर्दै बुद्ध मावि सेमिफाइनल प्रवेश गरेको छ। दोस्रो क्वार्टरफाइनलमा प्रगति माविले युगचेतना माविलाई १-० गोलले पराजित गरेको छ । यस्तै, हेटौंडा एकेडेमीले आधुनिक राष्ट्रिय माविलाई २-० गोल तथा श्रमिक माविले तासिल इङ्गलिस बोर्डिङलाई १-० गोलले पराजित गरेर सेमिफाइनलको यात्रा तय गरेको हो ।

आइतबारै भएको खेलमा युगचेतना माविले वंशगोपाल माविलाई १-०, प्रगति माविले हेटौंडा मोर्डन माविलाई २-०, हेटौंडा एकेडेमीले चन्द्रोदय माविलाई २-०, आधुनिक राष्ट्रिय माविले तुलसीमेहर माविलाई १-० तथा श्रमिक माविले नवोदय शिशु सदनलाई १-० गोल अन्तरले पराजित गरेको थियो ।

यसैगरी, हेटौंडा-४ स्थित भूटनदेवी माविको सहव्यवस्थापनमा सञ्चालित नगरस्तरीय क्रिकेट प्रतियोगितामा पनि सेमिफाइनल समीकरण पूरा भएको छ । हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा शनिबारबाट सुरु भएको क्रिकेट प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

आइतबार क्वार्टरफाइनल चरणको खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो । आज सोमबार सेमिफाइनल र फाइनल चरणको खेलहरु सञ्चालन हुने क्रिकेट प्रतियोगिताका संयोजक प्रकाश सुवेदीले जानकारी दिनुभएको छ ।

आइतबार सम्पन्न भएको क्वार्टरफाइल खेलमा जीत निकाल्दै भूटनदेवी माध्यमिक विद्यालय, हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालय, हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय र हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीले सेमिफाइनलको यात्रा पूरा गरेको उहाँले बताउनुभयो । सेमिफाइनल खेलमा भूटनदेवी मावि र प्रगति माविबिच प्रतिस्पर्धा हुनेछ भने आधुनिक मावि र हेटौंडा एकेडेमीबिच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाभित्रका ११ वटा विद्यालयको सहभागिता थियो ।

खेलकुद महोत्सव अन्तर्गत आज सोमबार नवोदय शिशु सदनको सहव्यवस्थापनमा नगरस्तरीय बास्केटबल प्रतियोगिता र सत्यम् जेभियर्स माविको सहव्यवस्थापनमा ४ नम्बर वडास्तरीय विद्यालयका महिला शिक्षकहरुको सहभागितामा डोरी तान्ने प्रतियोगिता (टग अफ वार) सञ्चालन हुने शैक्षिक गुणस्तर सुधार समितिका संयोजक श्रीराम दहालले जानकारी दिनुभएको छ। बास्केटबल प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाभित्रका ६ वटा विद्यालयको सहभागिता रहनेछ ।

# डाङ्डुङ्गे वनमा पुनः पुडासैनी

समाज संवाददाता

हेटौँडा : हेटौँडा-११ स्थित डाङ्डुङ्गे सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा पुनः शालिकराम पुडासैनी निर्वाचित हुनुभएको छ । शनिबार भएको निर्वाचनबाट निकटम प्रतिद्वन्द्वी बोजबहादुर पण्डितलाई हराउँदै पुडासैनी अध्यक्ष निर्वाचित हुनुभएको हो । पुडासैनीले १९८ मत प्राप्त गर्दै गर्दा पण्डितले १२५ मत प्राप्त गर्नुभयो। यसैगरी उपाध्यक्षमा शिव अगस्ती पनि १३० मत प्राप्त गर्दै विजयी हुनुहुँदा उपाध्यक्ष पदका प्रतिद्वन्द्वी देवकृष्ण थोकर ८२ मत प्राप्त गर्दै पराजित हुनुभयो ।

उपाध्यक्षका आकांक्षी लक्ष्मण बानियाँले ६९ मत र नारायण आर्यालले १८ मत प्राप्त गर्दै पराजित हुनुभयो । यस्तै सचिवमा कल्पना कुमारी मगरले १०९ मत प्राप्त गर्दै निर्वाचित हुनुभयो भने शुभद्राकुमारी रिमालले १०५, निर्मला बर्तौलाले ८३ मत प्राप्त गरेर पराजित हुनुपर्‍यो। यसैगरी सहसचिवमा शेखरराज मैनाली सर्वसम्मत चयन हुनु भएको छ। कोषाध्यक्षमा निर्मला पुडासैनीले १९५ मत प्राप्त गर्दै निर्वाचित हुँदा अर्का आकांक्षी जानकी पोखरेलले ८२ मत प्राप्त गर्दै पराजित हुनुपर्‍यो। यस्तै खुला सदस्यमा हरिशरण लामिछाने, सुशान्त आले, रामेश्वर नगरकोटी विजयी हुनुभएको छ । यस्तै खुला महिला सदस्यमा सीता न्यौपाने, माधुरी राना थापा, जनजाति महिला सदस्यमा सुनिता थापा र खस आर्य महिला सदस्यमा कामना कार्की सर्वसम्मत चयन भएका छन्। ४६६ मतदाता रहेको सामुदायिक वनको निर्वाचनमा ३४० मत खसेको थियो। १९६ हेक्टरमा फैलिएको जङ्गललाई १० प्लटमा भाग लगाइएको अध्यक्ष पुडासैनीले जानकारी दिनुभएको छ।

# नेविसंघ मकवानपुर क्याम्पस इकाईमा घिमिरे

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेस निकट संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) मकवानपुर बहुमुखी क्याम्पस इकाई समितिको अध्यक्षमा सागर घिमिरे चयन हुनुभएको छ। आइतबार भएको भेलाले घिमिरेलाई नेविसंघ क्याम्पस इकाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो । घिमिरेको अध्यक्षतामा ४४ सदस्यीय इकाई कमिटी चयन भएको छ।

उपाध्यक्षमा उत्सव न्यौपाने, निरप्रताप सिंह, प्रशान्त सापकोटा र अजित घिमिरे चयन हुनुभएको छ। सचिवमा उत्सव ढुंगाना र परमेश्वर अधिकारी चयन हुनुभएको छ । सहसचिवमा प्रज्ज्वल अधिकारी, निमिमा ढुंगाना र विमला अधिकारी चयन हुनुभएको छ। कोषाध्यक्षमा राज चौलागाईं र क्रिशन थिङ चयन हुनुभएको छ । सदस्यहरुमा विज्ञान विडारी, उचित बजगाईं, मनिष बर्तौला र लोनिस सापकोटालगायत चयन हुनुभएको छ । नेविसंघका केन्द्रीय सदस्य उमेशलाल स्याङ्तानको प्रमुख आतिथ्यमा भेला भएको हो।


## आदरणीय वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको सविधानको भाग ३, मौलिक हकको धारा ३९ मा बालबालिकाको हकसम्बन्धी व्यवस्था भएको स्थानीय सरकार सञ्चालन ऐन, २००४ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न। गराउनका लागि यो वडा तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर-किशोरीहरुले विवाह गरे गराएका दुबै पक्ष कानुन बमोजिम दण्डनीय भई उक्त २० वर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आृनो तर्फबाट सचेत भई अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनका लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ वर्ष मुनिका बालबलिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै मोटर ग्यारेज, होटेल, गिट्टी बलुवा ढुवानी आदि) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठानपाठन कार्यमा संलग्न गर्न, गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए गरेमा कानुन बमोजिम भई जाने व्यहोरा पनि जानकारी गराइन्छ ।

नरनाथ सुवेदी, वडाध्यक्ष
एवम् १९ नम्बर कार्यालय
हेटौंडा उपमहानगरपालिका

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ